REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETINS
BROADCAST: 18:40 HRS DATED: 11.09.2024

नाथुला दिवस

आज  अन्ठाउन्नौं नाथुला दिवस हो। यस अवसरमा नाथुलामा आयोजित विशेष कार्यक्रममा राज्यपाल श्री ओम प्रकाश माथुर र मुख्यमन्त्री श्री प्रेमसिंह तामङ उपस्थित हुनुहुन्थ्यो।

समारोहमा सिक्किम उच्च न्यायालयका मुख्य न्यायाधीश विश्वनाथ सोमद्दर राज्य विधानसभाका अध्यक्ष श्री मिङमा नर्बु शेर्पा र सत्र माउण्टेन डिभिजनका जिओसी अन्य वरिष्ठ सरकारी अधिराकीहरूको उपस्थिती थियो।

उहाँहरूले उन्नाइस सय सड़सठी सालमा चीन र भारतबीच भएको सीमा विवादमा शहीद हुने 65 जवानहरूको स्मृतिमा सेरेथाङ युद्ध स्मारकमा माल्यार्पण गर्नुभयो र सीमानामा तैनात सैन्यकर्मीहरूसँग भेटघाट गरेर उनीहरूको मनोबल बढ़ाउनुभयो।

आफ्नो सम्बोधनमा राज्यपालले भन्नुभयो उन्नाइस सय सड़सठी सालको नाथुला संघर्ष हाम्रो इतिहासमा अदम्य साहस र धैर्यको प्रतीकको रूपमा अंकित छ।

उहाँले भन्नुभयो नाथुला पासले हाम्रा साहसी जवानहरूको समर्पणको वर्णन गर्छ।

यसैवीच मुख्यमन्त्रीले भन्नुभएको छ नाथुला दिवस कठिन अवस्थामा पनि राष्ट्रको प्रभसत्ताको रक्षा गर्ने भारतीय सेनाका जवानहरूको साहस तथा बलिदानको प्रतीक हो।

आजको कार्यक्रम नाथुलाको ऐतिहासिक र सामरिक महत्ववारे विस्तृत प्रकाश पारियो।

स्मरण रहोस् उन्नाइस सड़सठी सालमा भएको चीन वीचको  संघर्षमा भारतीय सेनाले चीनका सैनिकहरू विरूद्ध विजय प्राप्त गरेको थियो।

अवार्ड

नाम्ची जिल्ला अन्तर्गत दाम्थाङकी एएनएम नर्स  श्रीमती जानुका पाण्डेलाई प्रतिष्ठित फ्लोरेन्स नाइटेङगेल पुरस्कार 2024 ले अलंकृत गरिएको छ।

नयाँ दिल्ली स्थित राष्ट्रपति भवनमा आज आयोजित समारोहमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले देळरा अरू नर्सहरूसँगै श्रीमती पाण्डेलाई राष्ट्रिय फ्लोरेन्स नाइटिङगेल पुरस्कार 2024 ले सम्मानित गर्नुभयो।

राष्ट्रिय फ्लोरेन्स नाइटिङगेल पुरस्कारको स्थापना उन्नाइस सय तिरात्तर सालमा स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले गरेको थियो।

यो पुरस्कार नर्सहरू र नर्सिङ व्यावसायीहरूद्वारा समाजलाई दिइएको प्रशंसनीय सेवाका लागि प्रदान गरिन्छ।

अवार्ड सिएम

यसैबीच मुख्यमन्त्री श्री प्रेमसिंह तामङले राज्य र राज्यवासीहरूप्रति समर्पित सेवाका लागि राष्ट्रिय फ्लोरेन्स नाइटिङ्गेल पुरस्कार प्राप्त गर्नुभएकोमा श्रीमती जानुका पाण्डेलाई बधाई दिनुभएको छ।

आफ्नो सोशल मिडिया पोस्टमा उहाँले भन्नुभएको छ यो प्रतिष्ठित पुरस्कार समर्पित र उल्लेखनीय सेवाको कदर गर्दै नर्सहरूलाई दिइने सर्वोच्य सम्मान हो।
एक पेड़ माँ के नाम

एक पेड़ माँ के नाम अभियान अन्तर्गत भारतीय हवाईअड्डा प्राधिकरणले पाकिम हवाईअड्डा परिसरमा आज बिरूवारोपण अभियान गर्यो।

आफ्ना आमाहरूप्रति श्रध्याञ्जली स्वरूप रूख रोप्नका लागि मानसिहरूलाई प्रोत्साहित गर्न प्रधानमन्त्री श्री नरेन्द्र मोदीले यो अभियान शुरू गर्नुभएको हो।

विरूवारोपण अभियानमा आज राज्यसभा सदस्य श्री दोर्जी छिरिङ लेप्चा पनि सहभागी हुनुभयो
।
उहाँले सबैसित यस आन्दोलनमा भाग लिएऱ पर्यावरण संरक्षणमा योगदान दिने आग्रह गर्नुभयो।
मोक एक्सर्साइस

गान्तोक जिल्लामा भोलि भूकमाप र भूक्म्पको कारणले हिमनदी झील विस्फोट GLOF परिदृश्यमाथइ बचाउ प्रशिक्षण आयोजित हुनेछ।

राज्य स्तरीय कृत्रिम अभ्यासको एक भागको रूपमा जिल्ला आपदा प्रवन्धन प्राधिकरणद्वारा यो प्रशिक्षण जिल्लाका दुईवटा महकुमा गान्तोक र राब्दाङमा आयोजन गरिनेछ।

आम जनतासित विभिन्न स्थानमा गराइने यस अभ्यासबाट भयमीत नहुने र यसलाई कृत्रिम अभ्यासको रूपमा लिने परामर्श दिनका साथै अभ्यासमा सक्रिय रूपले सहभागी बन्न प्रोत्साहित गरिएको छ।

राज्य आपदा प्रवन्धन प्राधिकरणको तत्वावधाम गेजिङ जिल्ला आपदा प्रवन्धन प्राधिकरण र सोरेङ जिल्ला आपदा प्रबन्धन प्राधिकरणले पनि सम्वन्धित जिल्लाका विभिन्न ठाउँमा भूँइचालोबाट बाँच्नका लागि कृत्रिम अभ्यास आयोजन गर्नेछन्।

फिसेरिस सम्पदा योजना
केन्द्रीय माछा पालन पशुपालन तथा डेरी मन्त्री श्री राजीव रञ्जन सिंहले आज नयाँदिल्लीमा प्रधानमन्त्री मत्स्य किसान समृध्दि सह योजना शुभारम्भ गर्नुभयो।

प्रधानमन्त्री मत्सय सम्पदा योजनाको चौथो वर्षगाँठमा सभालाई सम्वोधन गर्दै श्री रञ्जनले सबा राज्य र केन्द्रशासित प्रदेशहरूसित एकजूट हुने अपील गर्नुभयो र माछापालन क्षेत्रलाई एउटा संगठित क्षेत्र बनाउनका लागि धेरै भन्दा धेरै माछापालकहरूलाई यस डिजिटल प्लेटफर्मसित जोड़िनु भन्नुभयो।

श्री रञ्जनले माछापालन क्षेत्रमा प्रधानमन्त्री नरेन्द्र मोदीको प्रयासको प्रशंसा गर्दै भन्नुभयो उहाँको नेतृत्वमा यस क्षेत्रमा पूर्वाधार प्रौद्योगिकी र उत्पादनमा विकास देखिएको छ।

उहाँले भन्नुभयो यस क्षेत्रमा वर्षेनी साठी हजार करोड़ रूपियाँको निवेश भइरहेछ र विश्वभरिका लगभग एक सय बीस देशहरूलाई माछा निर्यात गरिरहेछ।

श्री रञ्जनले भन्नुभयो भारत दोस्रो वृहत माछा उत्पादक देश हो र चाँड़ै नै यो पहिलो सबैभन्दा ठूलो माछा उत्पादक देश हुनेछ।